बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल, भक्तपुर

करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८३/०५/२९)

यस अस्पतालको लागि देहाएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. सं.	विज्ञापन नं.	पदनाम/ तह	सेवा/ समूह/ उपसमुह	माग पद संख्या	न्यूनतम शैक्षिक योग्यता (प्रदेश निजामती सेवा नियमावली, २०८३ मा तोकेको)	कैफियत
१.	०१/२०८३/८४	क.एनेस्थेसियोलोजिस्ट/नवौं	स्वास्थ्य/ एनेस्थेसियोलोजी	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजी विषयमा स्नातकोतर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको ।	अस्पताल संचालन तथा व्यवस्थापन समितितर्फ
२.	०२/२०८३/८४	क.कार्डियोलोजिस्ट/नवौं	स्वास्थ्य/ मेडिसिन	१ (एक)	कार्डियोलोजी विषयमा स्नातकोतर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको ।	अस्पताल संचालन तथा व्यवस्थापन समितितर्फ
३.	०४/२०८३/८४	मेडिकल अधिकृत/आठौं	स्वास्थ्य/ ज.हे.स.	६ (छ)	मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।	अस्पताल संचालन तथा व्यवस्थापन समितितर्फ

क. छनोटको प्रकृया: बागमती प्रदेशको चिकित्सक तथा स्वास्थ्यकर्मी करार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम अन्तरवार्ताको प्रक्रियाद्वारा (अन्तरवार्ता, शैक्षिक योग्यता, तालिम र कार्यअनुभवको मुल्यांकनको आधारमा) हुनेछ ।(मेडिकल अधिकृतको हकमा आइ.सी.यू.मा तालीम वा अनुभव प्राप्त र इमर्जेन्सीमा अनुभव प्राप्त व्यक्तिलाई ग्राह्यता दिइनेछ ।

ख. उम्मेदवारको उमेरको हद: २१ वर्ष उमेर पुरा भइ ४५ वर्ष ननाघेको ।

ग. आवेदन साथ संलग्न गर्नु पर्ने कागजात: क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी घ) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ङ) कार्यानुभव र तालीमको कागजात एवं प्रमाणपत्रको प्रतिलिपी च) राजस्व जम्मा गरेको भौचर

घ. आवेदन दस्तुर : नवौं तहको लागि रु. २०००/-, आठौं तहको लागि रु.१२००/- यस अस्पतालको कार्यालय कोड ३७००१३३०१३ मा नेपाल बैंकमा खाता नं. २७२०२०००००१००१०००००० राजस्व शिर्षक नं. १४२२४ मा जम्मा गर्न सकिनेछ ।

ङ. आवेदन बुझाउने स्थान: कार्यालय समय भित्र अस्पतालको प्रशासन शाखामा बुझाउन सकिनेछ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सम्म आवेदन दिन सकिनेछ

च. दरखास्त फारम: अस्पतालको वेबसाइट https://bhaktapurhospital.gov.np बाट डाउनलोड गर्न वा प्रशासन शाखाबाट लिन सकिनेछ ।

छ. अन्तरवार्ताको मिति: अस्पतालको वेबसाइट र सूचना पाटीमा पछि प्रकाशित गरिनेछ ।